का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ पुस २०८२
बुधबार
17 December 2025
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न्

वर्ष २३, अंक ३०७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# एमालेमा आन्तरिक लोकतन्त्र फर्काउने कसरत





जेनजी आन्दोलनपछि युवाहरूको मनोभावना समेट्नेगरी विधान संशोधन गरिएको छ । प्रतिस्पर्धाका सन्र्दभमा एमाले सधैं खुला छ ।

**शंकर पोखरेल**
उम्मेदवार महासचिव



अघिल्ला केही महाधिवेशनमा प्रतिस्पर्धाको अभ्यासमा कमजोरी देखिए पनि ११औं महाधिवेशनले आन्तरिक लोकतन्त्रको अभ्यासलाई फर्काएको छ ।

**गोकर्ण विष्ट**
उपाध्यक्ष उम्मेदवार

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ पुस

नवौं महाधिवेशनबाट केपी शर्मा ओली नेतृत्वमा आएपछि नेकपा एमालेमा हराउँदै गएको आन्तरिक लोकतान्त्रिक अभ्यास ११औं महाधिवेशनमा पुनः फर्किएको छ । १०औं महाधिवेशनमा प्रतिस्पर्धामै जान रोकिएको भन्दै पार्टीभित्र गहिरो असन्तुष्टि थियो । केही पदमा चुनाव भए पनि प्यानलगत प्रतिस्पर्धा निषेध गरिएको थियो । यसपटक भने एमालेले नवौं महाधिवेशनकै शैलीमा नेतृत्व चयन गर्दै छ ।

अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीचको समूहगत भिडन्त कसैले रोक्न खोजेन् । बदलिँदो राजनीतिक परिवेशअनुसार एमालेमा नेतृत्व हस्तान्तरणको मुद्दासहित पोखरेल समूहले ओलीलाई चुनौती दिएको छ । ओलीको नेतृत्वकालमा नजिक रहेर सघाएका वरिष्ठ उपाध्यक्ष पोखरेलले नै ओलीसँग टिमगत प्रतिस्पर्धा गर्ने आँट गरेका हुन् । दुवै टिममा अध्यक्षदेखि सदस्यसम्मको प्यानल बनेको छ । नयाँ नेतृत्वका लागि बुधबार बिहान मतदान हुने छ ।

पोखरेल टिमबाट उपाध्यक्षमा उम्मेदवारी दिएका निवर्तमान सचिव गोकर्ण विष्टले एमालेमा लोकतान्त्रिक अभ्यासलाई फर्काउने कसरत भएको प्रतिक्रिया दिए । >>> पृष्ठ २ मा

# जिल्ला-जिल्लामा गगनको माग

जिल्ला-जिल्लाबाट नाम सिफारिस गराएर गगनले चुनाव र पार्टी महाधिवेशनमा उनको नेतृत्व खोजिएको सन्देश दिन चाहेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ पुस



नेपाली कांग्रेसका महामन्त्री गगन थापा २०६२/६३ सालको संयुक्त जनआन्दोलनबाट उदाएका नेता हुन् । नयाँ पुस्ताको नेतृत्व गर्दै नेपाली कांग्रेसको मूल नेतृत्वमा पुग्न खोजिरहेका उनलाई पछिल्लो समय आफ्नो क्षेत्रबाट जिताउन चाहनेहरू समेत बढेको छ । यसको उदाहरण हो- उनको नाम प्रतिनिधि सभा सदस्यको उम्मेदवारको लागि एकभन्दा धेरै क्षेत्रबाट सिफारिसमा पर्नु ।

नेपाली कांग्रेसले २१ फागुनमा तय भएको निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिस गरेर पठाउन मातहतका निकायलाई सर्कुलर गरेको छ । सर्कुलरअनुसार सम्बन्धित कमिटीले नाम सिफारिस गरिरहेका छन् । अहिलेसम्म गगन थापाको नाम पाँच निर्वाचन क्षेत्रबाट सिफारिसमा परिसकेको छ । यसमा केही संख्या अझ थपिने नेताहरू बताउँछन् ।

यसअघि उनी चुनाव लड्दै आएको क्षेत्र हो- काठमाडौं निर्वाचन क्षेत्र नम्बर ४ । २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा उनी यही क्षेत्रबाट विजयी भएका थिए । त्यसअघि २०७० र २०७४ मा पनि उनले यही क्षेत्रबाट चुनाव जित्दै आएका छन् ।

आगामी २१ फागुनको लागि समेत उनको नाम सिफारिसमा परिसकेको छ । गत साता नै काठमाडौं क्षेत्र नम्बर ४ बाट थापाको नाम एकल सिफारिसमा परिसकेको छ ।

यसबाहेक अन्य क्षेत्रबाट समेत उनको नाम सिफारिस भएको छ ।

आइतबार मात्रै नेपाली कांग्रेस तेह्रथुमले आगामी प्रतिनिधिसभा निर्वाचनका लागि महामन्त्री थापालाई प्रत्यक्षतर्फको उम्मेदवारमा सर्वसम्मत सिफारिस गरेको छ । तथापि सर्वसम्मतिमाथि समेत कतिपयले विरोध जनाएका छन् ।

नेपाली कांग्रेस जिल्ला कार्यसमिति तेह्रथुमले थापाको एकल नाम सिफारिस गरेको हो । एक मात्र निर्वाचन क्षेत्र रहेको तेह्रथुममा यस अगाडि सीता गुरुङ निर्वाचित भएकी थिइन् ।

तेह्रथुममा पूर्वसांसद तुलसी सुब्बामाथि केन्द्रीय अनुशासन समितिले कारबाही गरेको र उनले दिएको पुनरावेदनको विषय केन्द्रबाट नटुंगिएपछि जिल्ला कमिटीले सीतालाई सिफारिस गरेको छैन ।

गत निर्वाचनमा तुलसीले सीतालाई हराउन लागेको आरोप लगाउँदै कारबाहीका लागि सिफारिस गरिएको थियो । सुब्बा गगन थापा समूहका हुन् ।

यसअघि एक-एक निर्वाचन क्षेत्र रहेका धनकुटा र रोल्पाबाट गगनलाई उम्मेदवार बनाउन जिल्ला समितिले सिफारिस गरेका छन् । सर्लाही निर्वाचन क्षेत्र नम्बर चारबाट समेत थापाको नाम सिफारिस भएको छ ।

धनकुटामा २०७९ को चुनावमा ३० हजार १ सय १ मत पाएर एमालेका राजेन्द्र राई विजयी हुँदा कांग्रेसका सुनिल थापा २८ हजार ७ सय ४ मत पाएर पराजित भएका थिए । पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका छोरा सुनिल अहिले राष्ट्रपतिको सल्लाहकार छन् । चुनावमा पुनः उठ्नका लागि मंगलबार मात्र उनले शीतल निवासबाट राजीनामा दिएका छन् ।

गगन सिफारिस भएको अर्को निर्वाचन क्षेत्र रोल्पा माओवादी 'जनयुद्ध'को उद्गम थलो हो, जहाँ २०६४ सालदेखि माओवादीले चुनाव जित्दै आएको छ । पछिल्लो निर्वाचनमा माओवादी केन्द्रबाट वर्षमान पुनले ४० हजार ७ सय १४ मत पाउँदा एमालेका पूर्ण बुढाले १६ हजार ४ सय ८५ मत पाएका थिए ।

गगन थापालाई उम्मेदवार बनाउन सिफारिस गरिएको सर्लाही क्षेत्र नम्बर ४ डा. अमरेशकुमार सिंह निर्वाचित हुँदै आएको निर्वाचन क्षेत्र हो । सिंहले २०७९ सालको चुनावमा स्वतन्त्र उठेर कांग्रेस उम्मेदवारलाई पराजित गरेका थिए । >>> पृष्ठ २ मा

संविधान कार्यान्वयनमा प्रश्न

# पहिचान विशेष स्वायत्त क्षेत्रको योजना अलपत्र



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ पुस

नेपालको संविधान २०७२ ले सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था गरेको छ । यससम्बन्धी व्यवस्था संविधानको धारा ५६ को उपधारा (५) मा छ । जहाँ भनिएको छ, 'संघीय कानुनबमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।'

लामो समयदेखि राज्यको मूल प्रवाहबाट बेवास्तामा परेका क्षेत्र र समुदायका लागि संविधानमा व्यवस्थित गरिएको यो व्यवस्था व्यवहारमा लागू हुन सकेको छैन ।

आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरका अनुसार पहिचान विशेष स्वायत्त क्षेत्रको अवधारणा समावेशी संघीयता र सुदृढ समाज निर्माणका लागि संवैधानिक रूपमा स्थापित छ । तर कार्यान्वयमा आउन सकेको छैन ।



संवैधानिक प्रावधान कार्यान्वयन नभए संविधान र राज्यप्रति समुदायको वितृष्णा बढ्छ । व्यक्ति वा समुदायले आफू किनाराकृत भएको महसुस गऱ्यो भने उसमा विद्रोहको भावना पलाउँछ ।

**रामबहादुर थापा मगर**
अध्यक्ष, आदिवासी जनजाति आयोग

'संविधानमा लेखिएको हकअधिकार उपभोगका लागि सम्बन्धित समुदायले अपेक्षा गरेको हुन्छ,' उनी भन्छन्, 'संवैधानिक प्रावधान कार्यान्वयन नभए संविधान र राज्यप्रति समुदायको वितृष्णा बढ्छ । व्यक्ति वा समुदायले आफू किनाराकृत भएको महसुस >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# श्रम मन्त्रालयले 'हेल्प टु हेल्प १० सेल' सञ्चालनमा ल्याउने



**मध्यान्ह संवाददाता**
काठमाडौं, १ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा हुने ठगीबाट कामदारहरूलाई बचाउन 'हेल्प टु हेल्प १० सेल' सेन्टर नामक नयाँ कार्यक्रम सञ्चालनमा ल्याउने भएको छ ।

अन्तर्राष्ट्रिय आप्रवासन दिवसको अवसर पारेर यो प्रणाली सुरु गर्न लागिएको हो । पुस १ देखि ७ गतेसम्म नेपालमा 'श्रम आप्रवासनका चक्रमा सुशासन: सुरक्षित, मर्यादित र सिपयुक्त आप्रवासन' भन्ने नाराका साथ २५औं अन्तर्राष्ट्रिय आप्रवासन दिवस सुरुवात गरिएको छ ।

मन्त्रालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले पुस ८ गतेदेखि 'हेल्प टु हेल्प १० सेल' सञ्चालनमा ल्याउने जानकारी दिए । सबै श्रमिकका लागि आधिकारिक सूचना र सुरक्षित निर्णय गर्न सहयोग गर्नका लागि अन्तर्राष्ट्रिय >>> पृष्ठ २ मा

## 'सबैको धारणा बुझेर मात्रै नयाँ निर्णय हुन्छ'



काठमाडौं/मस- नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले सबैको धारणा बुझेर मात्रै वैदेशिक रोजगार क्षेत्रमा नयाँ निर्णय गर्ने बताएका छन् । मन्त्री भण्डारीलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिन मंगलबार मन्त्रालय पुगेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका प्रतिनिधिलाई सम्बोधन गर्दै >>> पृष्ठ २ मा

Qatar Airways Project Doha international airport मा
खान बस्न फ्रि सहित रोजगारको अवसर

कम्पनी: AL NASR STAR GROUP | शहर: Doha Qatar
पूर्व स्वीकृत मिति: २०८२/०८/२१ | चलानी नं.: ६०२४८४९७ | LT. No.: 334814

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Assistant(Labour) | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

सामान्य अंग्रेजी र हिन्दी बोलचाल तथा लेखपढ गर्न सक्ने उमेर २१ देखि ३९ वर्ष भित्रको हुनुपर्नेछ, उचाई ५.४ फिट देखि माथि, मोटाई ५५ के.जी भन्दा माथि र Neat & Clean हुनुपर्ने छ ।
कामदारहरूले दोहा इन्टरनेशनल क्लिनर, Trolley Boy, जनरल हेल्पर, ब्यागेज कलेक्टर, लोडिङ, अनलोडिङ लगायत सम्पूर्ण कार्य गर्नुपर्ने छ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ४, ५, ११, १२ गते (19, 20, 25, 26 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता जनकपुरमा २०८२ पुस ७ गते (22 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता झापा बिर्तामोडमा २०८२ पुस ८ गते (23 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ६३९/०६३/०६४
अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो,सृजनटोलसँगै काठमाडौं
Tel : 01- 014982296 | 9801012690, 9801051244, 9801175502, 9801175503

WE ARE HIRING PRO
C.D. HR
• PUBLIC RELATIONS OFFICER (PRO)
QUALIFICATION :
• म्यानपावर क्षेत्रमा 2 देखि 3 वर्षको अनुभव भएको हुनुपर्नेछ।
• साउदी अरब, यूएई, कुवेत तथा मलेसियाको काम गर्न सक्ने।
APPLY NOW
+977 9841730331, +977 9704469016
tandukar.ranjit@gmail.com
Panchakumari marga, Sinamangal 04, Kathmandu
C.D. Human Resource Pvt. Ltd.

VACANCY ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Recruitment Manager - 1 (Male)
Public Relation Officer (PRO) - 4 (Male/Female)
Social Media Specialist - 4 (Female)
Documentation Officer - 1 (Male/Female)
Requirements:-
★ English Speaking
★ Computer Literate
★ Experienced in Manpower field
★ Pleasant Personality
Attractive Salary & Bonuses
Send Your CV at nextgenglobalplacement@gmail.com
Contact us at 9851210354, 9851019844, 014972172
NextGen Global Placement Pvt. Ltd.
Tokha- 07, Samakhusi, Kathmandu, Nepal.
Tel No: 014972172,
Website: www.nextgenplacement.com
Gov Lic. No. 1771/081/082

# बहुविवाह गरेका पासाङको उम्मेदवारी खारेज



**काठमाडौं/मस-** नेकपा एमालेको केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका पासाङ शेर्पाको उम्मेदवारी खारेज भएको छ । बहुविवाह मुद्दामा दोषी ठहर भएका शेर्पाको उजुरीपछि उम्मेदवारीबाट हटाइएको हो । बहुविवाह मुद्दामा दोषी ठहर भएका उनले आदिवासी-जनजाति खुलातर्फ उम्मेदवारी दर्ता गराएका थिए। तर बहुविवाह मुद्दाका दोषी भएकाले उम्मेदवार बन्न नपाउने उजुरी दर्ता भएको थियो । उजुरीपछि शेर्पाको उम्मेदवारी निर्वाचन आयोगले खारेज गर्दै अन्तिम उम्मेदवार सूचीबाट नाम हटाएको छ । शेर्पालाई केपी शर्मा ओली समूहले सूचीमा राखेको थियो । यस्तै केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका धर्मलाल गिरीको पनि उम्मेदवारी खारेज भएको छ।

एमाले केन्द्रीय निर्वाचन आयोगका उपाध्यक्ष सानुराज पोखरेलका अनुसार ११ जना केन्द्रीय सदस्य सर्वसम्मत निर्वाचित भएका छन् भने एक उपमहासचिवसहित १४ जनाले उम्मेदवारी फिर्ता लिएका छन् ।

उपमहासचिव पदमा राजेन्द्र गौतमले उम्मेदवारी फिर्ता लिए पनि खुला केन्द्रीय सदस्यमा उनको उम्मेदवारी कायम छ । भृकुटीमण्डपमा जारी ११ औं महाधिवेशनअन्तर्गत नयाँ नेतृत्व चयनका लागि बुधबार बिहान मतदान हुने तयारी छ । निर्वाचनमा २ हजार २६३ प्रतिनिधि सहभागी छन् ।

# गण्डकीका दुई औद्योगिक क्षेत्रको 'इआइए' स्वीकृत

**मध्यान्ह/संवाददाता**
गण्डकी, १ पुस




गण्डकी प्रदेश सरकारले कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा निर्माण गर्न लागिएको औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृत गरेको छ ।

'इआइए' स्वीकत गरेसँगै औद्योगिक क्षेत्र निर्माणका लागि जग्गाको भोगाधिकार लिने प्रक्रिया अगाडि बढेको छ । परामर्शदाता कम्पनी गौमुखीले 'इआइए'को जिम्मा पाएको थियो । 'इआइए'को प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको थियो ।

आठ वर्षअघि प्रदेश सरकारले पुँडीटार र लोकाहाखोलामा औद्योगिक क्षेत्र निर्माणको घोषणा गरेको थियो । प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रुखको गणना भइरहेको जानकारी दिए ।

प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । 'औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नु पर्ने रुखको गणनासहित क्षेत्रफल यकिन गरेर संघको वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाउँदै छौं,' उनले भने, 'वन तथा वातावरण मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि संघीय मन्त्रिपरिषद्बाट जग्गा भोगाधिकार दिने निर्णय हुन्छ ।' संघ सरकारले गण्डकी प्रदेश सरकारलाई जग्गा भोगाधिकार दिने निर्णय गरेपछि औद्योगिक क्षेत्र निर्माण सुरु हुने महाशाखा प्रमुख ढकालले बताए ।

लोकाहाखोलाको जग्गा चुरे संरक्षण क्षेत्रभित्र पर्ने भएकाले 'इआइए'को प्रक्रिया पूरा हुन धेरै समय लागेको उनको भनाइ छ । जग्गा प्राप्तिका लागि प्रदेश सरकारले यसअघि नै वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो । वन तथा वातावरण मन्त्रालयको सहमतिपछि संघीय मन्त्रिपरिषद्ले प्रस्तावित औद्योगिक क्षेत्रका जग्गा उपलब्ध गराउने निर्णय गर्ने महाशाखा प्रमुख ढकालले बताए ।

गण्डकी प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका दुई औद्योगिक क्षेत्र निर्माण प्रक्रियालाई अगाडि बढाएको हो । प्रदेश सरकारले पुँडीटारमा ५४ करोड र लोकाहा खोलामा ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)समेत तयार पारिसकेको छ । औद्योगिक क्षेत्रलाई आवश्यक जग्गा नापजाँच तथा यकीन भइसकेकाले अब जग्गा उपलब्ध गराउने सम्बन्धमा संघ सरकारको निर्णयको पखाईमा प्रदेश सरकार छ ।

जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा ४ हजार ५ सय रोपनी र लोकाहाखोलामा १४१ बिघामा औद्योगिक क्षेत्र निर्माण हुने जनाइएको छ । पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ । लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो । पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहेपनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ ।

# बाघ गणना सुरु



**चितवन/मस-** मुलुकमा प्रत्येक चार वर्षमा गरिने बाघको गणना मंगलबारदेखि सुरु भएको छ । चितवनको सौराहामा आयोजित औपचारिक कार्यक्रममा उद्घाटन गरी बाघ गणना सुरु गर्न थालिएको हो ।

वन तथा वातावरण मन्त्रालयलअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व र वन तथा भूसंरक्षण विभागको समन्वयमा गरिने बाघ गणनामा राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्ववन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जिओलोजीकल सोसाइटी अफ लण्डन (जेडएसएल) नेपालको सहयोग रहेको छ। त्यस्तै गणनामा नेपाली सेना, मध्यवर्ती तथा सामुदायिक वन उपभोक्ता समितिलगायत सहयोगीका रूपमा परिचालित हुने गरेका छन् । जम्मा दुई ५० जना प्राविधिक कर्मचारी देशभर खटिएर साढे दुईदेखि तीन महिनाभित्र गणना सम्पन्न गर्ने योजना रहेको निकुञ्ज विभागले जनाएको छ । गणनामा १ हजार १ सय अत्याधुनिक क्यामेराको प्रयोग गरिने र बाघको फोटो संकलन गरेर विश्लेषण गरी संख्या एकिन गरिने विभागका महानिर्देशक बुद्धिसागर पौडेलले जानकारी दिए ।

निकुञ्ज विभागका अनुसार गणनामा जनशक्ति परिचालन, मेमोरी कार्ड, टेन्ट, सिल्पिङ ब्यागलगायत लजिस्टिक सामानका लागि करिब ३ करोड खर्च लाग्ने बताइएको छ । त्यसैगरी, क्यामेरा भने यसअघिकै खरिद गरिएका सबै एक हजार १ सय क्यामेरा प्रयोग गर्न लागिएको हो । जुन प्रतिक्यामेराको मूल्य करिब ३५ हजार रहेको छ ।

नेपालले स्वचालित क्यामेरा ट्र्यापबाट प्रणालीबद्ध रूपमा बाघ गणना गर्न थालेको सन् २००९ देखि हो । उक्त गणनाअनुसार नेपालमा १ सय २१ वटा बाघ रहेका थिए । त्यसअघि बाघका खुट्टाका छाप तथा पदमार्गको अनुमानका आधारमा गणना गरिन्थ्यो र त्यो पनि राष्ट्रियस्तरमा नभई निकुञ्जमा सीमित हुन्थ्यो ।

सन् २००९ यता हरेक चार वर्षमा बाघको सर्वेक्षण हुँदै आएको छ । बाघ संरक्षण कार्ययोजनामा उल्लेख भएअनुसार सन् २०१३, २०१८ र २०२२ मा गणना सम्पन्न भइसकेको छ । अहिले सन् २०२६ का लागि गणना हुनलागेको हो ।बाघको सर्वेक्षण खासगरी हिउँदको समयमा गरिन्छ । किनभने यो चिसो समयमा बाघ सुक्खा ठाउँमा र झाडी नभएको खुला क्षेत्रमा बढी हिँडडुल गर्ने भएकाले क्यामेरामा ट्र्याप गर्न सहज हुने निकुञ्ज विभागका सूचना अधिकारी वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिए । उनका अनुसार गणनाका लागि सो क्षेत्रमा दुई वर्गकिलोमिटर क्षेत्रफलमा स्वचालित क्यामेरा राखिन्छ र उक्त क्यामेराले चौबिसै घण्टा जुनसुकै वस्तु चलायमान हुँदा स्वाचालित रूपमा तस्बिर लिएर रेकर्ड गर्छ ।

## विस्फोटक पदार्थसम्बन्धी कसुर

# श्रम संस्कृति पार्टीका उपाध्यक्षसहित तीन जना पक्राउ



**काठमाडौं/मस-** विष्फोटक पदार्थसम्बन्धी कसुरका प्रतिवादी कुमार, विश्वक्रान्ति र देवराज लामा भन्ने राजकुमार तामाङ लामालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको छ ।

धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीका उपाध्यक्षसमेत रहेका लामालाई २०८१ भदौ १४ गते भएको बम विस्फोटमा एक बालिकाको मृत्यु र दुई जना घाइते भएको घटनामा पाँचथरमा उजुरी परेको आधारमा पक्राउ गरिएको हो ।

सिआइबीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले काठमाडौंको कपनबाट पक्राउ गरी थप अनुसन्धानका लागि लामालाई पाँचथर पठाइएको जानकारी दिए। उनका अनुसार लामालाई काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११ कपनस्थित घरबाट पक्राउ गरी आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पाँचथर पठाइएको हो ।

यसअघि लामा २०६८ सालमा बबरमहलस्थित नेपाल आयल निगमको गेटमा टाईम बम विष्फोट गराई मानबहादुर तामाङसहित तीन जनाको मृत्यु तथा सोम तामाङसमेत घाइते भएको कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दामा संलग्न रहेका थिए । सोही मुद्दामा जेल परेका लामा २०७६ मा प्रजातन्त्र दिवसमा जेलमुक्त भएका व्यक्ति हुन् ।

## एमालेमा...

उनले मध्यान्हसँग भने, 'नेकपा एमाले जनताको बहुदलीय जनवादको मान्यतालाई स्वीकार गर्ने पार्टी भएकाले आन्तरिक प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने अभ्यासलाई स्वागत गर्छ । ५/६ वर्ष पार्टी जसरी चल्यो, त्यसबाठ पाठ सिकेर ११औं महाधिवेशनले आन्तरिक लोकतन्त्रको अभ्यासलाई फर्काएका छौं । जबजको विशेषता पनि यही हो ।'

२०७१ सालमा भएको नवौं महाधिवेशनमा माधव नेपाल र केपी ओलीबीच समूहगत प्रतिस्पर्धा भएको थियो । ओलीले ४३ मतले नेपाललाई हराएका थिए । ओली टिममा रहेका पोखरेल र नेपाल टिमका सुरेन्द्र पाण्डेबीच महासचिवमा कडा प्रतिस्पर्धा हुँदा ईश्वरले ९ मतले महासचिव जितेका थिए । त्यस्तै, हालका महासचिव शंकर पोखरेल उपमहासचिवमा पराजित हुँदा घनश्याम भुसाल र विष्णु पौडेलले जितेका थिए । १०औं महाधिवेशनमा अध्यक्ष ओलीले बन्दसत्रमै सर्वसम्मत नेतृत्वका लागि सूची पढेर सुनाएका थिए । उनको प्रस्तावअनुसारै शंकर पोखरेल सर्वसम्मत महासचिव बने । अध्यक्षमा भीम रावलले ओलीसँग प्रतिस्पर्धा गरे पनि फराकिलो मतान्तरले पराजित हुन पुगे । ओलीको सूचीमा नपरेर उपाध्यक्ष उम्मेदवार बनेका घनश्याम भुसालले सन्तोषजनक मत ल्याए पनि जित्न सकेनन् । उपाध्यक्ष, सचिव र खुला सदस्यमा चुनाव भए पनि सबैजसो ओलीको सूचीमै रहेका नेताहरूले जितेका थिए । प्रतिस्पर्धा भएका पदमा ओली पक्षको एकलौटी दबदबा कायम रहँदा इतर समूहका कोही पनि आउन सकेका थिएनन् । संस्थापनले मतदान गर्न नपर्ने सूची तयार पारेर प्रतिनिधिलाई बाँडेको थियो । ओली र उनको टिमसँग प्रतिस्पर्धा गरेका रावल, भुसालसहितका नेता पार्टीबाट पलायन भए । उनीहरूले गत निर्वाचनमा टिकटसमेत नपाएपछि पार्टी नै छाड्नुपर्ने स्थिति आयो ।

सौराहा महाधिवेशनको तुलनामा भृकुटीमण्डपमा भिन्न दृश्य देखिन्छ । प्रतिस्पर्धा सहज बनाइँदा जोकोही समूहगत वा स्वतन्त्र उम्मेदवार दिन सक्ने अवस्था थियो । महाधिवेशनस्थल उत्सवमय मात्र बनेको छैन, एमाले आन्तरिक लोकतन्त्रमा फर्किएकोमा नेताहरू र प्रतिनिधिले समेत खुसी व्यक्त गरेका छन् । त्यसो त प्रतिनिधि छनोटमै टिमगत प्रतिस्पर्धा भएको थियो । सर्वसम्मत भएका ठाउँमा पनि दुवै पक्षले भागबण्डा गरेका थिए । त्यसैले महाधिवेशन प्रतिनिधि को कुन समूहका हुन् भन्ने प्रस्टै छ । तर दुवै पक्षका नेताहरूले मतदाता प्रभावित बनाउने अनेकन उपाय लगाइरहेका छन् । मंगलबार राति ८ बजेबाट हुने भनेको मतदान आज बिहान ८ बजेका लागि सारिएको छ ।

२६ गतेदेखि काठमाडौंको महँगो बसाइमा परेका प्रतिनिधिका लागि पार्टीले खानाको कुपन व्यवस्था गरे पनि बासको व्यवस्था गरेको छैन । लामो समयदेखि मतदानको पर्खाइमा परेका प्रतिनिधिसमेत दिक्क मान्दै लाइनबाट फर्किएका छन् । विधान महाधिवेशनबाट वैचारिक सैद्धान्तिक पाटोको काम सकेकाले नेतृत्व चयनको मात्रै काम बाँकी रहेको शीर्ष नेताहरूले बताएका थिए । तर जेनजी आन्दोलनपछि फरिएको परिस्थितिलाई ख्याल गरेर युवाहरूलाई समेत पार्टीमा समेट्ने गरी विधान परिमार्जन गरिएको महासचिव शंकर पोखरेलले बताए । अध्यक्ष ओलीले आफ्नो टिमका नेता व्यवस्थापन गर्न नसक्दा गत विधान महाधिवेशनबाट घटाइएका पदाधिकारी र हटाइएको स्थायी कमिटी पुनः फर्काइएको छ । यो समयको आवश्यकता भएको दाबी गर्दै पोखरेल भन्छन्, 'नेकपा एमाले जेनजी आन्दोलनपछिको आमयुवाहरूको मनोभावनालाई समेट्नेगरी विधान संशोधन गरेर राजनीतिमा आउने युवाहरूको चासो र चिन्ता सम्बोधन गरेको हो ।' प्रतिस्पर्धाका सन्दर्भमा एमाले सधैं खुला रहेको उनी बताउँछन् ।

मनोनयन गर्दासम्म पदीय विभाजनमा नमिलेका नेताबीच ओलीले सोमबार बोलाएर छलफल गरेर कुरा मिलाएका छन् । महासचिवबाट पछि नहट्ने जिकिर गर्दै आएका प्रदीप ज्ञवालीले ओलीको टिमबाट शंकरलाई पक्का गरेपछि उपाध्यक्षको पद छाडेर सदस्य मात्रै उम्मेदवारी दिए । त्यससँगै उनले शंकरलाई असहयोग गर्ने आँकलन गरिएको छ । तर मतदानस्थलमा भने ज्ञवाली शंकरसँगै हिँडेको देखिन्छ । त्यस्तै, नेता विष्णु पौडेल र पृथ्वीसुब्बा गुरुङले समेत शंकरलाई खुलेर सहयोग नगर्ने शंका मेटाउन ओलीले निर्देशन दिइसकेका छन् । ओलीले उपाध्यक्षमा स्वतन्त्र उम्मेदवारी घोषणा गरेका रघुजी पन्तलाई ज्ञवालीको ठाउँमा समेटेका छन् । खाली ठाउँ देखेर उम्मेदवारी हालिराखेका पन्तलाई संस्थापन पक्षको तर्फबाट उपाध्यक्षको आधिकारिक उम्मेदवार बनाइएको हो ।

पन्तलाई समेत समावेश गरेर केपी शर्मा ओली समूहले मंगलबार अन्तिम सूची तयार गरेको छ । केन्द्रीय सदस्यमा स्वतन्त्र उम्मेदवारी दिएका सुहाङ नेम्वाङ पनि ओली समूहको आधिकारिक उम्मेदवार बनेका छन् । त्यस्तै, ईश्वर पक्षले पनि सबै पदमा उम्मेदवारको टिम बनाएको छ । पोखरेल समूहले सचिवमा स्वतन्त्र उम्मेदवारी दिएका अग्नि खरेललाई समेत समेटेर प्यानल बनाएको हो । उपमहासचिवमा आनन्द पोखरेललाई थपेको छ ।

विद्युतीय मतदानबाट मत दिन तयार रहेका प्रतिनिधिहरूका लागि एमालेले ९० वटा विद्युतीय मतदान मेसिनको व्यवस्थापन गरेको छ । जसमा १० वटा मतदानस्थलबाहिर नमुना मतदानका लागि राखिएको छ भने ८० वटा मेसिनबाट मतदान हुनेछ ।

## जिल्ला-जिल्लामा...

अमरेशले २० हजार १७ मत ल्याउँदा कांग्रेस उम्मेदवारले १८ हजार २ सय ५३ मत पाएका थिए ।

यस्तै, उपसभापति धनराज गुरुङको नाम स्याङ्जा निर्वाचन क्षेत्र नम्बर १ र २ बाट सिफारिसमा परेको छ । पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई कैलाली-५ र बर्दिया-२ का कांग्रेसका क्षेत्रीय कार्यसमितिहरूले जिल्ला समक्ष सिफारिस गरेका छन् । कांग्रेसको सुदूरपश्चिम कार्यसमिति सभापति वीरबहादुर बलायरको नाम कैलाली-४ र डोटीबाट सिफारिस भएको छ ।

## पहिचान...

गर्‍यो भने उसमा विद्रोहको भावना पलाउँछ ।'

आयोगले भने विगत पाँच वर्षदेखि सम्बन्धित विषयका विज्ञबीच आदिवासी जनजातिका सांस्कृतिक तथा भाषिक र कलात्मक विषयमा आदिवासी जनजाति ज्ञान सम्मेलन गर्दै आएको बताउँछन् ।

आदिवासी जनजाति आयोगले आइतबार र सोमबार संविधानको धारा ५६ (५) मा भएको व्यवस्था कार्यान्वयनसँग सम्बन्धित ज्ञान सम्मेलन गरेको थियो । जसलाई सम्बोधन गर्दै अध्यक्ष थापा मगरले भनेका छन्, 'संवैधानिक हक अधिकार कार्यन्वयन गर्नु/गराउनु हामी सबैको दायित्व हो ।'

संविधानको यो अधिकारलाई प्रयोग गराई पाऊँ भनेर आदिवासी जनजाति बराम समुदायले सर्वोच्च अदालतमा निवेदन दिएका थिए । अदालतले २०७५ साल पुस १६ गते फैसला गर्दै संविधानको धारा ५६ को उपधारा ५ कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको थियो । आयोगले पनि वार्षिक प्रतिवेदनमार्फत सरकारलाई संविधान र कानुनबमोजिम सरकारलाई सिफारिस गर्दै आएको छ । तर हालसम्म कार्यान्वयन भएको छैन ।

नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य कृष्णराज सर्वहारीका नजरमा संविधानको धारा ५६ को उद्देश्य पछाडि परेका क्षेत्र तथा समुदायको संवैधानिक संरक्षण सुनिश्चित गर्नु हो । सामाजिक-सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्धन र क्षेत्रगत असमानता घटाउँदै लक्षित आर्थिक विकास संघीय शासन प्रणालीमा अपनत्व र स्थायित्व बढाउनु हो ।

सरोकारवालाहरूका अनुसार क्षेत्रको वर्गीकरणअन्तर्गत विशेष क्षेत्र घोषणा गर्दा विकास सूचकांक बढाउन सकिन्छ । भौगोलिक दुर्गमता वा दीर्घकालीन पिछडापन लक्षित बजेट, कर छुट र पूर्वाधार निर्माणबारे नीति बनाउने संविधानको परिकल्पना हो ।

भाषा, संस्कृति, परम्परा जो संकटमा छन् तिनको संरक्षण गर्न संरक्षित क्षेत्रको अवधारणा संविधानले नै तय गरेको छ । आदिवासी-जनजाति तथा लोपोन्मुख समुदायको सांस्कृतिक स्वशासन, मातृभाषाको संरक्षण गर्ने योजना छ । स्वायत्त क्षेत्र भनेर ऐतिहासिक पहिचान र स्वशासनको माग सम्बोधन गर्न खोजिएको छ । यस्तो घोषणापछि आन्तरिक निर्णय प्रक्रियामा विशेष अधिकार प्राप्त गर्छन् । स्थानीय कानुन निर्माणमा सीमित स्वायत्तता दिने विषय पनि संविधानमै छ ।

यसको कार्यान्वयनका लागि संघीय कानुन बनाउन आवश्यक छ । तर विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र ऐन बन्न सकेको छैन । परिणाममा अधिकार, संरचना र सीमा स्पष्ट निर्धारण हुन सकेन ।

संविधानविद् चन्द्रकान्त ज्ञवालीका अनुसार यदि संविधानको धारा ५६ को उपचारा (५) पूर्ण रूपमा कार्यान्वयन भएको भए नेपालको संघीयता अहिलेको जस्तो केवल प्रशासनिक विकेन्द्रीकरण मात्र रहिरहने थिएन । राजनीतिक, सांस्कृतिक र आर्थिक रूपमा गहिरो बहुलवादी संघीयता हुन्थ्यो ।

अहिले प्रदेश र स्थानीय तहमा सेवा प्रवाहको बाँडफाँट अर्थात् अझै केन्द्र शक्तिशाली रहेको संघीयता अभ्यासमा छ । पहिचान, संस्कृति र स्वशासनमा गौण छ । यदि पहिचान विशेष स्वायत्त क्षेत्रको योजना कार्यान्वयनमा आउन सकेको भए नेपाल बहुस्तरीय संघीय राज्य बन्थ्यो । प्रदेशभित्र पनि फरकफरक अधिकार भएका क्षेत्र हुन्थे । पहिचानमा आधारित स्वशासन संवैधानिक रूपमा स्थापित हुन्थ्यो । आदिवासी-जनजाति, सीमान्तकृत समुदाय भाषा, संस्कृति, परम्परागत भूमि र शासन प्रणाली यी सबैलाई कानुनी संरक्षण मिल्थ्यो ।

उदाहरणका लागि लिम्बुवान, तमुवान, थारुवानजस्ता क्षेत्र घोषणा हुन सक्थे । आफ्नो भाषामा प्रशासन, सांस्कृतिक शिक्षा र परम्परागत संस्थाको मान्यता प्राप्त हुन्थ्यो । यसले पहिचान आन्दोलनलाई संविधानभित्रै समाधान गर्थ्यो र राज्यप्रति अपनत्वसमेत बढाउँथ्यो । स्वायत्त क्षेत्र बन्दा शक्ति सन्तुलन बलियो हुन्थ्यो । यसो नहुँदा शक्ति संघ र प्रदेशमा केन्द्रित छ । स्थानीय तह कमजोर छ भने धेरै विषयमा प्रदेश अस्पष्ट छ ।

वरिष्ठ अधिवक्ता शाक्य पूर्णमान शाक्य लक्षित बजेट, फरक विकास मोडेलको अभ्यासका लागि संविधानको धारा ५६ कार्यान्वयनमा आउनुपर्नेमा जोड दिन्छन् ।

उदाहरणका लागि कर्णाली, सुदूरपश्चिम कुनै विशेष आर्थिक क्षेत्रमा पर्न सक्छ । जसअनुसार पूर्वाधार प्राथमिकता पर्न सक्छ ।

तराईलाई कृषि-औद्योगिक स्वायत्तता दिन सकिन्छ । हिमाली क्षेत्रकेन्द्रित पर्यटन र जैविक स्रोत केन्द्रित नीति बनाएर अगाडि बढाउन सकिन्छ । सबै ठाउँमा एउटै विकास मोडेल भन्ने सोच अन्त्य गर्नसमेत पहिचान विशेष स्वायत्त क्षेत्रको अवधारणा लागू गर्नुपर्छ ।

अर्थमन्त्री एवं संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री रामेश्वर खनाल संविधानको धारा ५६ (५) को कार्यान्वयनमा सरकार अग्रसर हुने प्रतिबद्धता जनाउँछन् । यसमा राजनीतिक दलहरूको समेत भूमिका हुने उनको आग्रह छ ।

उनी भन्छन्, 'धेरै राजनीतिक दलमा धेरै अधिकार दिइयो भने आफैं कमजोर, निरीह हुन्छु भन्ने छ । यथार्थतामा भने जति अधिकार अरूलाई दियो उति शक्तिशाली भइन्छ, यो धारणा प्रत्येक राजनीतिक पार्टीमा विकास गर्नुपर्छ ।'

अधिकार दिएरै कतिपय मुलुक शक्तिशाली एवं अन्तर्राष्ट्रियस्तरमा विकसित मुलुकको छवि बनाउन सफल भएको उल्लेख गर्दै उनी भन्छन्, 'विशेष, संरक्षित वा स्वायत्त क्षेत्रलगायतका अधिकार कार्यान्वयनका लागि सरकार प्रतिबद्ध छ ।'

## श्रम मन्त्रालयले...

आप्रवासन दिवसको अवसर पारेर यो प्रणाली सुरु गर्न लागिएको उनले बताए ।

उनका अनुसार देशभरका ७५३ स्थानीय तहमा रहेका रोजगार सूचना केन्द्र, सातै प्रदेशका श्रम कार्यालय, वैदेशिक रोजगार विभाग र समाधान कल सेन्टरलाई समेटेर 'हेल्प टु हेल्प १० सेल' स्थापना गर्न लागिएको हो । यी सबै स्थानबाट कार्यलय समयमा सेवा लिन सकिने उनले जानकारी दिए ।

उनकाअनुसार सेल स्थापना गर्नुका मुख्य तीन वटा उद्देश्य छन् । श्रमिकले राज्यको आधिकारिक सूचनालाई आधार मानेर निर्णय गर्न सकुन्, डिजिटल माध्यमबाट फैलिरहेका ठगी तथा झुटा प्रलोभनबाट जोगिन सकुन् र वैदेशिक रोजगारमा पूर्ण सुरक्षितता सुनिश्चित होस् भन्ने उद्देश्य रहेको उनले बताए ।

उनका अनुसार पछिल्लो समय टिकटक, फेसबुकका रिललगायत सामाजिक सञ्जालमार्फत 'यति पैसा कमाइन्छ', 'फलानो देश सजिलै पठाइदिन्छौं' जस्ता भ्रमपूर्ण प्रचार बढेको छ । त्यसबाट श्रमिकलाई जोगाउन यो सेल प्रभावकारी हुने उनको विश्वास छ ।

'हेल्प टु हेल्प १० सेल' मार्फत वैदेशिक रोजगारमा जाने श्रमिकले १० वटा प्रमुख प्रश्नको उत्तर प्राप्त गर्न सक्नेछन् । यसमा कुन देशमा रोजगारीको माग छ वा छैन, आधिकारिक म्यानपावर कम्पनी कुन हुन्, कामका लागि आवश्यक योग्यता, उमेर, तालिम, स्वास्थ्य अवस्था, लाग्ने खर्च, भुक्तानी प्रक्रिया, सुरक्षित जाने विधि तथा सम्बन्धित निकायका आधिकारिक सम्पर्क ठेगाना लगायतका विषय समावेश छन् ।

पत्रकार सम्मेलनमा वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले सरकारले हस्तक्षेप नगरेसम्म वैदेशिक रोजगारमा जाने श्रमिकको न्यायोचित भर्ना प्रक्रिया चुनौतीपूर्ण रहेको बताए ।

विभागमा ठगीका दैनिक ५० वटा उजुरी आइरहेको भन्दै महानिर्देशक भट्टराईले सरकारले सेवा शुल्क १० हजार रुपैयाँ निर्धारण गरे पनि खाडी र मलेसियामा वैदेशिक रोजगारमा जाने युवायुवतीले तीन लाख भन्दा बढी तिरिरहेको बताए । उनले क्यासलेस र फेसलेस मान्यतामा काम गरेर वैदेशिक रोजगार प्रशासनलाई सुधार गरेको, तर इथिकल भर्ना प्रक्रिया भने कार्यान्वयनमा लैजान समस्या रहेको बताए ।

## "सबैको...

उनले सो धारणा राखेका हुन् ।

यसअघि सोमबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधिलाई मन्त्री भण्डारीले सुधारका लागि आफू तयार रहेको जानकारी दिँदै समस्या समाधानको खाका लिखित रूपमा पेस गर्न आग्रह गरेका थिए ।

मंगलबार मञ्चले वैदेशिक रोजगार क्षेत्रमा समस्याका रूपमा रहेका जिट्कोका कारण जापानको रोजगारीमा समस्या रहेको भन्दै जिट्को खारेजी, युरोपमा मागपत्र प्रमाणीकरण, सेवा शुल्क परिमार्जन तथा स्वास्थ्य परीक्षण शुल्कबारे मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको मञ्चका अध्यक्ष धनलाल जैसीले जानकारी दिए ।

त्यसैगरी मञ्चले नेपालमा भएको जेनजी आन्दोलनपछि स्थगित भएको युएई भिसा प्रक्रिया पूर्ण सुचारु भएसँगै युएई सरकारको मागबमोजिम नेपाल प्रहरीले प्रदान गर्ने चालचलन रिपोर्ट क्युआरसहित अनलाइन भेरिफाइ हुने र नेपाल सरकारको कन्सुलर कार्यालयले प्रमाणीकरण गरिसकेको अवस्थामा नेपालमा रहेको युएई दूतावासबाट प्रमाणीकरण गर्दा लागत बढेको र समयले कामदारमाथि परेको भारलगायतका विषयमा ध्यानाकर्षण गराएको छ ।

मञ्चले युरोपियन मुलुकहरूमा मागपत्र प्रमाणीकरण नभएका कारण हाल धेरै कामदार ठगीमा परेको र हाल शैक्षिक परामर्श, होटल, ट्राभल र केही व्यक्तिले असुरक्षित रूपमा पठाएकाले संस्थागत रूपमा पठाउन पहल गरिदिन पनि आग्रह गरेको छ ।

मञ्चले हाल फ्रि भिसा फ्रि टिकटमा वैदेशिक रोजगार व्यवसायीहरूले पठाउन नसक्ने र वैदेशिक रोजगार व्यवसायीलाई कार्यालय व्यवस्थापन गर्न समस्या भइरहेको भन्दै प्रशासनिक खर्च बापत कामदारले पाउने एक महिनाको तलब बराबरको रकम लिन पाउने व्यवस्था गरिदिन पनि माग गरेको महासचिव कुन्छा दोर्जे दिमदोङले बताए ।

अध्यक्ष जैसीको नेतृत्वमा गएको मञ्चको टोलीमा कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

# जेनजी युवाको आकांक्षाबमोजिम योजना तयार गर्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले मुलुकको अवस्थाको राम्रोसँग अध्ययन गरी र जेनजी युवाको आकांक्षाबमोजिम योजनाको तयारी गर्न निर्देशन दिएकी छन् । राष्ट्रिय योजना आयोगका नवनियुक्त उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ र सदस्य प्रा. सुनीति श्रेष्ठ (हाडा)को पद तथा गोपनीयताको शपथका क्रममा प्रधानमन्त्री कार्कीले भनिन्,'हामीले तपाईंहरूलाई विज्ञका रूपमा जिम्मेवारी दिएका हौं, मुलुकको परिस्थितिबारे जानकार नै हुनुहुन्छ, यो परिस्थिति बुझेर हामीले पाइला चाल्नुपर्नेछ । देशका योजना तथा कार्यक्रमहरू पनि परिवर्तनका लागि युवाले गरेको आन्दोलनको भावनाअनुरूप तर्जुमा गर्नुपर्छ,' प्रधानमन्त्री कार्कीले भने, 'हालको परिस्थिति राम्रोसँग अध्ययन गरी मुलुकको साख उठाउने हिसाबले काम गर्नुपर्छ । मलाई आशा छ, तपाईंहरू यस कार्यमा सफल हुनुहुनेछ ।'

मंगलबार आयोजित एक कार्यक्रममा उपाध्यक्ष श्रेष्ठ र सदस्य प्रा. श्रेष्ठले प्रधानमन्त्री कार्कीसमक्ष शपथ ग्रहण गरेका हुन् ।

कार्यक्रममा आयोगका सदस्य एवं मुख्यसचिव सुमनराज अर्याल, प्रधानमन्त्री कार्यालयका सचिव राजकुमार श्रेष्ठ, आयोगका सचिव रविलाल पन्थलगायत सरकारी उच्च अधिकारीहरूको उपस्थिति थियो । शपथपछि प्रधानमन्त्री कार्कीले नवनियुक्त उपाध्यक्ष र सदस्यलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरिन् । सोमबार मन्त्रिपरिषद् बैठकले आयोगका उपाध्यक्ष र सदस्य नियुक्त गरेको थियो ।

# प्रहरीमा नयाँ कार्यसम्पादन प्रणाली कार्यान्वयन




**काठमाडौं/मस-** नेपाल प्रहरीमा मंगलबारदेखि नयाँ कार्यसम्पादन तथा मूल्यांकन ढाँचा कार्यान्वयन सुरू भएको छ । प्रहरीको काम कारबाहीलाई प्रभावकारी बनाउने उद्देश्यले प्रहरी प्रधान कार्यालयले देशैभरीका प्रहरी कार्यालयको नयाँ मूल्यांकन प्रणालीको सुरुवात गरेको हो ।

कार्यान्वायनका लागि प्रहरी प्रधान कार्यालयले अनुशिक्षण कार्यक्रम समेत सम्पन्न गरेको छ ।

कार्यक्रममा प्रहरी प्रधान कार्यालय प्रदेश समन्वय विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डम्बर बहादुर विकले यस प्रणालीले वस्तुनिष्ठ मूल्यांकनको आधार तयार गर्ने र संगठनलाई आगामी दिनमा कुनै पनि योजना बनाउन मद्दत पुग्ने बताए ।

यस प्रणाली मार्फत विभिन्न प्रहरी इकाइहरूको तुलनात्मक अध्ययन गर्ने अवसर मिल्नुका साथै आफुले गरेको कामको मूल्यांकन समेत आफैले विश्लेषण गरी सुधार गर्ने अवसर प्राप्त गरी समग्रमा कार्यसम्पादनको स्तर वृद्धि हुने उनले बताए ।

नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक दिपक रेग्मीले अनुशिक्षणको उद्देश्य एवम् प्रभावकारिताबारे जानकारी दिएका थिए ।

उक्त कार्यक्रममा प्रहरी नायव उपरीक्षक किरण जंग कुँवरले अनुशिक्षण कार्यक्रमको परिचय, उद्देश्य, कार्यसम्पादन अभिलेखका लागि निर्दिष्ट कार्यालयहरू, औचित्य, प्रतिवेदनको ढाँचा, सूचकहरूको संख्यात्मक विवरण, कार्यसम्पादनका मुख्य क्षेत्रहरू, प्रतिवेदन प्रणाली, मूल्यांकन प्रणाली, मूल्यांकन भार, उत्प्रेरणा र सुधार एवम् अपेक्षित उपलब्धीहरू सम्बन्धी प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थितिका साथै ७ वटै प्रदेश प्रहरी कार्यालयहरू, नेपाल प्रहरी प्रदेश कार्यालयहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयहरू, प्रदेश प्रहरी तालिम केन्द्रहरू, नेपाल प्रहरी विशेष सुरक्षा गण तथा प्रदेश प्रहरी गणहरू, जिल्ला प्रहरी कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरूको भर्चुअल उपस्थिति रहेको थियो ।

नेपाल प्रहरीका विभिन्न इकाइहरूबाट दैनिक रूपमा सम्पादन हुने कार्यहरूको केन्द्रीय अभिलेख प्रणाली विकास गरी सो इकाइहरू वा सम्बद्ध कार्यालय प्रमुखहरूको कार्यसम्पादन तदारूकता, तत्परता, पहलकदमी एवम् समग्र कार्यसम्पादन स्तरको वस्तुगत मूल्यांकन/मापन गर्दै सो अभिलेख प्रणालीलाई सम्बद्ध प्रहरी इकाइहरूको कार्यसम्पादन स्तरको तुलनात्मक अध्ययनका साथै प्रहरी कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन समेत गर्ने प्रयोजनले 'कार्यसम्पादन र मूल्यांकन अभिलेख ढाँचा' तयार गरिएको हो ।

विभिन्न कार्यालयहरूका प्रमुख र कर्मचारीहरूबाट सम्पादित कार्यहरूलाई प्रभावकारी रूपमा अभिलिखित गर्ने, कार्यसम्पादनको स्तरलाई वस्तुगत र परिमाणात्मक (अंकभार र तुलनात्मक विश्लेषण) रूपमा मापन गर्ने तथा प्राप्त नतिजाहरूलाई नीतिगत सूचना र निर्णय प्रक्रियामा सहायक सिद्ध हुने गरी विश्लेषण गर्ने प्रयोजनका लागि यस प्रणाली विकास गरिएको हो ।

यो अभिलेख प्रणाली सांगठनिक र इकाइगत कार्यसम्पादनको प्रभावकारिता र कार्यदक्षता मापनका लागि उपयोगी हुने र यस प्रतिवेदनको कार्यान्वयन प्रहरी कार्यालयहरूको आवधिक मूल्यांकन प्रणालीलाई यथार्थपरक, वस्तुनिष्ठ र समयसापेक्ष समेत बनाउन उपयोगी हुनेछ ।

# मुलुक निर्वाचनमा होमिइसकेको छ : मन्त्री खरेल



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको वातावरण बनिसकेको बताएका छन् । निर्वाचन आयोगसँग मंगलबार भएको छलफलमा उनले समग्र मुलुक निर्वाचनमा होमिएकाले निर्वाचनको उत्सव महोत्वमा परिणत हुँदै गएको बताए ।

मन्त्री खरेलले भने,' निर्वाचन आयोगले कार्यतालिका बनाएर सबै सरोकार भएका पक्षलाई निर्वाचनमा समाहित गर्दै गएको छ । संवेदनशील र अलि विशेष र चुनौतीको अवस्थामा पनि आयोगले खेलेको भूमिकाप्रति नेपाल सरकारका तर्फबाट धन्यवाद भन्न चाहन्छु ।'

निर्वाचन हुन्छ भन्नेमा सम्बद्ध सबै पक्षलाई विश्वास भएको सरकारको बुझाइ रहेको बताउँदै उनले आयोग, सरकार, सुरक्षा निकाय र राजनीतिक दल पनि आफ्नो तयारीमा लागेको उल्लेख गरे । 'निर्वाचनका लागि मतदाता पनि तयारी अवस्थामा हुनुहुन्छ । छोटो समयमा आठ लाखभन्दा बढीले मतदाता नामावलीमा नाम समावेश गराएको विषय आफैंमा ऐतिहासिक रह्यो,' मन्त्री खरेलले भने ।

सबै प्राविधिक, कानुनी र अरू प्रक्रियागत विषयसँगै राजनीतिक विषय पनि त्यतिकै महत्त्वपूर्ण रहेको बताउँदै उनले आयोगले उठाएका विषयलाई आत्मसात् गर्दै सरकारले कानुनमन्त्रीको संयोजकत्वमा संवादका लागि समिति गठन गरेको जानकारी दिए । मन्त्री खरेलले निर्वाचनको माहोल बनाउन, प्रचारप्रसार गर्न र मतदाता शिक्षा जनतासम्म पुऱ्याउनका लागि आयोगसँग हातेमालो गरेर अगाडि बढ्न मन्त्रालय तयार रहेको बताए ।

गलत सूचना र समाचारको प्रभाव रोक्न प्रेस काउन्सिल नेपाल र मन्त्रालय मातहतका निकायमा सोहीअनुसारको व्यवस्था गरिएको जानकारी दिँदै उनले सामाजिक सञ्जालको दुरुपयोग रोक्न साइबर ब्यूरो र प्रेस काउन्सिललाई आग्रह गरिएको बताए । उनले पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता पालना भए/नभएको अनुगमन गरिने बताए ।

# अपांगमैत्री प्रजनन् स्वास्थ्य उपकरण हस्तान्तरण




**रामएकवाल साह/मध्यान्ह**
रौतहट, १ पुस

नेपाल परिवार नियोजन संघ, चितवनले यौन तथा प्रजनन स्वास्थ्य सेवामा अपांगमैत्री पहुँच विस्तार गर्ने उद्देश्यले प्रादेशिक अस्पताल गौरलाई विभिन्न उपकरण हस्तान्तरण गरेको छ । युनएफपीएको आर्थिक सहयोगमा संघले विपन्न, गरिब सुत्केरी महिला, कलिला उमेरका बालबालिका तथा बाढी र आगलागी पीडितका लागि स्वास्थ्य तथा राहतसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । सोही कार्यक्रमअन्तर्गत परिवार नियोजन संघ चितवनको आयोजनामा प्रादेशिक अस्पताल गौरको सभाहलमा आयोजित समारोहबीच उपकरण हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा परिवार नियोजन संघ चितवनका निमित्त शाखा प्रबन्धक रोशन सोतीको अध्यक्षता रहेको थियो भने प्रमुख अतिथिका रूपमा प्रादेशिक अस्पताल गौरका मेडिकल सुपरिटेन्डेन्ट डा. मुरारी ठाकुर उपस्थित थिए । साथै जिल्ला युनएफपीएका प्रमुख रोशन अधिकारी, डा.विकास चौरसियासहित अस्पतालका विभिन्न पदाधिकारीहरूको सहभागिता रहेको थियो । समारोहमा अपांगमैत्री सेवाका लागि नौ किसिमका २४ थान उपकरणहरू हस्तान्तरण गरिएको छ । जसअन्तर्गत ह्वीलचेयर ४ थान, पेशाबी ३ सेट, बिरामी वाकर २ थान, सेतो छडी ४ थान, कमोड चेयर १ थान, सिपिआर बोर्ड १ थान, बेड प्यान २ थान, युरिन कन्टेनर ४ थान र फिटल डोप्लर ३ थान रहेका छन् । ती सामग्रीहरू प्रादेशिक अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा.मुरारी ठाकुरलाई हस्तान्तरण गरिएको छ । कार्यक्रममा बोल्दै निमित्त शाखा प्रबन्धक सोती र मेडिकल सुपरिन्टेन्डेन्ट डा. मुरारी ठाकुरले स्वास्थ्य सेवामा अपांगता भएका, अशक्त तथा वृद्ध बिरामीलाई सहज उपचार सेवा उपलब्ध गराउन यी उपकरणहरू महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । सरकारले सबै स्वास्थ्य संस्थालाई अपांगमैत्री बनाउने सोचअनुसार यस्ता पहलहरू प्रभावकारी हुने उनीहरूको भनाइ थियो । उपकरण हस्तान्तरणसँगै प्रादेशिक अस्पताल गौरमा अपांगमैत्री प्रजनन् तथा मातृ-शिशु स्वास्थ्य सेवामा थप सहजता आउने अपेक्षा गरिएको छ ।

**पञ्चपुरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**आन्तरिक आयको ठेक्का सूचना**

**प्रथम पटक प्रकाशित मिति - २०८२/०९/०२**

पञ्चपुरी नगरपालिकाको देहाय वमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८२/०९/०२ का दिन सबै योग्य बोलपत्रदाताहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP–II मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०९/१७ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८२/०९/१७ गते दिनको १:०० बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम बोलपत्र कबोल अंक रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|
| PMO/SKT/SQ/ MINES/082/83-05 | पन्चपुरी न.पा.वडा नं ०५ तिखाकुना खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | रु ५८८९६१ | रु १००० |

विस्तृत जानकारीका लागि www.bolpatra.com/eGP–II मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**पुथा उत्तरगङ्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तकसेरा, रुकुम (पूर्वी भाग)**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना ।**

**(प्रकाशित मितिः २०८२/०९/०२)**

पुथा उत्तरगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०७/०२ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरू खोली मूल्यांकनका लागि बोलपत्र मूल्याकंन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको मिति २०८२/०९/०१ गतेको निर्णयानुसार तपशिल बमोजिमको बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुतरूपमा प्रभावग्राही देखिई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को उप-दफा (२) बमोजिम सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | ठेक्का स्वीकृत भएको फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क.र र एक सहित) | कैफियत |
|---|---|---|---|---|
| EGP/PURMO/ NCB/GS/WORKS/ ROADS/2082/83-10 | Excavation For Roadway Construction of Gara Risalla -05 | M/S Kumari Construction AndSuppliers,Rolpa, Lumbini Province Nepal | रु१४,४३,४६०/- (अक्षरेपीः चौध लाख त्रिचालिस हजार चार सय साठी रुपैयाँ मात्र) | ५१.१०% घटि |
| EGP/PURMO/ NCB/SCL/WORKS/ BUIL/2082/83-06 | Construction of Eight Roomed School Building Including Toilet At Hukam Shree Deuarali Madhyamik Bidhalaya at Hukam-05 | M/SBrihaspati. Construction, Nayapati-1, Kathmandu, Bagmati Province Nepal | रु ९९,२७,०५९.२९/- (अक्षरेपीःउनान्सय लाख सत्ताइस हजार उनसट्ठी रुपैयाँ र उनन्तिस पैसा मात्र) | ३१.२१% घटि |

**प्रमुख प्रशासकीय अधिकृत**

**कुवेतमा रोजगार**
कम्पनीः WSSLNY PLEASE CONSUMER DELIVERY COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०१/०१ — चलानी नं.ः ६०२४८८५१ — L.T. No.:335180

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 11 | 0 | स. काममा दक्ष | 145 | ६८,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ९ गते (24 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LAXMI RECRUITMENT SERVICE PVT. LTD.**
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४५७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no : 1782/082/083

**MALAYSIA मा SECURITY GUARDS लाई वैदेशिक रोजगारीको अवसर**
कम्पनीः PROZAS SECURITY SDN BHD — शहरः JALAN
पूर्व स्वीकृत मितिः २०८१/१२/२० — चलानी नं. ६०२३५५८४ — LT. No.: 321467 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 170 | 0 | स. काममा दक्ष | 1700 | ६०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ८ र १४ गते (23 & 29 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता राधा कृष्ण मन्दिर अगाडी इटहरीमा २०८२ पुस १० र १२ गते (25 & 27 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता जिपी होटेल विर्तामोड झापामा २०८२ पुस ११ गते (26 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**K.S.B. INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01-4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025590791/ 9705244111.
Jhapa Contact No: 9824972577.

मध्यान्ह
www.madhyanhadaily.com
२ पुस २०८२ बुधबार
17 December 2025 Wednesday

## सम्पादकीय

# लागू होस् विशेष स्वायत्त क्षेत्र

नेपालको संविधानले संघीयतालाई प्रशासनिक पुनर्संरचना मात्र नभई सामाजिक न्याय र समावेशी राज्य निर्माणको आधार मानेको छ । यही मर्मअनुसार संविधानको धारा ५६ (५) ले विशेष, संरक्षित र स्वायत्त क्षेत्रको व्यवस्था पनि गरेको हो । तर संविधान जारी भएको एक दशक नाघे पनि यो प्रावधान कार्यान्वयनमा आएको छैन । राज्यको मूल प्रवाहबाट लामो समयदेखि पछि परेका समुदायलाई मूलधारमा ल्याउन पहिचान विशेष स्वायत्त क्षेत्रको अवधारणा ल्याइएको थियो । यसको उद्देश्य विकास, पहिचान र स्वशासनलाई एकैसाथ सम्बोधन गर्नु हो । तर सो व्यवस्था कार्यान्वयन नहुँदा संविधानले दिएको उपलब्धिबाट सम्बन्धित समुदायले लाभ लिन सकेका छैनन् ।

कागजमा अधिकार लेखिए पनि व्यवहारमा नपाउँदा समुदायमा वितृष्णा बढ्छ । त्यो वितृष्णा असन्तोष र विद्रोहको बिउ बन्ने जोखिम रहन्छ । संविधानको यो व्यवस्थाबारे आदिवासी जनजाति आयोगले बारम्बार सरकारको ध्यानाकर्षण गराउँदै आएको छ । सर्वोच्च अदालतले समेत सरकारलाई उक्त व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिएको छ । तर एक दशकसम्म आवश्यक संघीय कानुन बनेको छैन । कानुन नहुँदा अधिकार, संरचना र सीमा सबै अस्पष्ट छन् । परिणामस्वरूप संघीय अभ्यास प्रशासनिक विकेन्द्रीकरणमा सीमित बन्न पुगेको छ । पहिचान, संस्कृति र स्वशासन गौण बनाइएको छ । यदि पहिचान विशेष स्वायत्त क्षेत्र लागू भएको भए संघीयताप्रति जनविश्वास बढ्थ्यो । प्रदेशभित्रै फरक अधिकार भएका क्षेत्रहरू विकास हुन्थे । भाषा, संस्कृति, परम्परागत भूमि र संस्थाले संवैधानिक संरक्षण पाउँथे । लिम्बुवान, तमुवान, थरूवानजस्ता ऐतिहासिक पहिचान भएका क्षेत्र संविधानभित्रै सम्बोधन हुन सक्थे । यसले पहिचान आन्दोलनको सरल एवं लोकतान्त्रिक समाधान दिन सक्थ्यो । राज्यप्रति अपनत्व बढ्थ्यो र शक्ति सन्तुलन पनि बलियो हुन्थ्यो । त्यसो नहुँदा हाम्रो संघीयता अझै केन्द्रमुखी नै भइरहेको छ ।

संघियता लागू भए पनि त्यसको वास्तविक मर्म आत्मसात् गर्न नसक्दा तीन तहको सरकार बने पनि नागरिकले अपेक्षित लाभ लिन सकेका छैनन् । विकासका दृष्टिले पनि एउटै मोडल सबै ठाउँमा लागू गर्नु व्यावहारिक हुँदैन । विविधताअनुसार विशेष आर्थिक क्षेत्र, कृषि–औद्योगिक स्वायत्तता, पर्यटन र जैविक स्रोत केन्द्रित नीति लागू गर्न सकिन्छ । यसका लागि पहिचान विशेष स्वायत्त क्षेत्र उपयोगी संवैधानिक व्यवस्था हुन सक्छ । प्रदेश सरकारको भूमिकालाई लिएर अहिले संघीयतामाथि नै प्रश्न उठाउन थालिएको छ । तर संवैधानिक अधिकार बाँडेर संघीयतालाई बलियो बनाउनुपर्छ । त्यसका लागि अब ढिलाइ गर्नुहुँदैन । पहिचान विशेष स्वायत्त क्षेत्रजस्ता संवैधानिक व्यवस्थाको प्रयोग गरेर मात्र संघीयता समृद्ध, समावेशी र दिगो बन्न सक्छ ।

# लगानीकर्ताको मनोबल

*राजनीतिक अस्थिरता, सरकारी प्रक्रियामा ढिलासुस्ती र केही संस्थागत अवरोधहरूले बाह्य लगानीलाई आकर्षित गर्न र जोगाउन कठिनाइहरू सिर्जना गरिरहेका छन् ।*

अग्रलेख



● जगतजङ्ग जिसी

राजनीतिक उतारचढावको प्रभाव सबैजसो संरचनामा पर्ने गर्दछ । यसपटक आकस्मिरुपमा भएको जेनजी आन्दोलनबाट पनि अर्थतन्त्र निकै प्रभावित बन्यो । आन्दोलनको निशानामा ठूला उद्योगी र कर्पोरेट हाउस परे । हिल्टन, सोल्टी होटेलसँगै दर्जनौं व्यवसायिक प्रतिष्ठानहरु जल्न पुगे । जसबाट उद्योगी तथा व्यवसायी निकै प्रभावित बने । आजको दिनमा पनि आन्दोलनको प्रभाव अन्त्य भइसकेको छैन । जसको प्रभावलाई कम गर्नेतर्फ पनि सरकारले नीति लिन सकेको छैन । जसकारण उद्योगी तथा व्यवसायीक क्षेत्रको मनोबलमा सुधार आउन सकेको छैन ।

नेपाली अर्थतन्त्रको सम्भावना अत्यधिक रहेको भए पनि समस्याहरू पनि उत्तिकै छन् । राजनीतिक अस्थिरता, सरकारी प्रक्रियामा ढिलासुस्ती र केही संस्थागत अवरोधहरूले बाह्य लगानीलाई आकर्षित गर्न र जोगाउन कठिनाइहरू सिर्जना गरिरहेका छन् । विशेषगरी, नेपालका लागि विदेशी लगानीकर्ताहरूको चिन्ता भनेको यहाँको राजनीतिक अस्थिरता र निर्णय प्रक्रियाबिचको असमझदारी हो । तर, यसका लागि सरकार र सम्बन्धित निकायहरूले यथासम्भव समाधानको उपाय खोजेका छैनन् ।

विदेशी लगानीकर्ताहरूको पहिलो चिन्ता भनेको राजनीतिक अस्थिरता हो । नेपालको राजनीतिक परिप्रेक्ष्यमा बारम्बारको सत्ता परिवर्तन र अस्थिरता लगानीका लागि प्रतिकूल रहेको छ । यद्यपि, सरकारले यसलाई सम्बोधन गर्न ठोसरुपमा नीति र सुधारका उपायहरू गर्न सकेको छैन । टर्म्स एण्ड कन्डिसनमा स्पष्ट ग्यारेन्टीहरू राख्नका साथै, लगानीकर्ताको सुरक्षा सुनिश्चित गर्ने प्रबन्ध हुन सकेको छैन । भएका प्रबन्धबारे सजिलै जानकारी नभएर पनि यस सम्बन्धी नकारात्मक धारणा अझै बलियो रहिरहेको छ । यसका लागि सरकारले यसलाई सामान्य जनतासम्म प्रभावकारी तरिकाले पुर्‍याउन सक्नुपर्थ्यो तर हुन सकेको छैन । पछिल्लो समय विभिन्न सुधारका प्रयास भइरहेका भए पनि विश्वास दिलाउने गरी काम भइरहेका छैनन् ।

